# माउण्ट मिसन बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पुतलीसडक , काठमाडौं

**को**

## आर्थिक वर्ष २०७६/२०७७

## लेखापरीक्षण

एवम्

## वित्तीय प्रतिवेदन


**लेखापरीक्षक**

(सुनिल आचार्य)

एस.आचार्य एण्ड कम्पनी

बु.न.पा.कपन १०, काठमाडौं

मो.नं. ९८४१२०८८५२

# एस.आचार्य एण्ड कम्पनी

**लेखापरीक्षक**

सदस्यता नं. १२६१
ले.व्य.प्र.प.नं.(व्यक्ति) २१८७
संस्था दर्ता नं. २७७०
स्था.ले.नं. ३०१४३७१६२

बु.न.पा.
वडा नं. १०
काठमाडौं, नेपाल

मो. नं. ९८४१२०८८५२
e-mail : sunil.acharya147@gmail.com
sacharya01@hotmail.com


## श्री माउण्ट मिसन वचत तथा त्रृण सहकारी संस्था लिमिटेडका

### सदस्य महानुभावहरू समक्ष

### स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

(१) हामीले **श्री माउण्ट मिसन वचत तथा त्रृण सहकारी संस्था लिमिटेड, पुतलीसडक, काठमाडौंको** वित्तीय विवरण,जसले **२०७७ साल आषाढ ३१** गते (१५ जुलाई २०२०) को **वित्तीय स्थितीको विवरण**, सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०७६।०७७ (२०७६ साल श्रावण १ गते देखि २०७७ साल आषाढ ३१ गते ) सम्मको **आय विवरण, नगद प्रवाह विवरण, संञ्चितीमा भएको परिवर्तन विवरण र प्रमुख लेखानीति तथा टिप्पणी** समावेश गर्दछ, को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

(२) प्रचलित कानून तथा नेपाल लेखामान बमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतीकरण गर्नु श्री माउण्ट मिसन वचत तथा त्रृण सहकारी संस्था लिमिटेडको व्यवस्थापनको उत्तरदायित्व हो । यस उत्तरदायित्व अर्न्तगत वित्तीय विवरणको गलत आँकडा,जालसाजी वा त्रुटिरहित छ भनी तयार र प्रस्तुतीकरण गर्ने कार्यसंग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने , लागु गर्ने र अद्यावधिक बनाई राख्ने उपयुक्त लेखानीतिको छनौट गर्ने,लागु गर्ने तथा तत्कालीन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरु पर्दछन् । प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

(३) लेखापरीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षण मान अनुसार लेखापरिक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परीक्षणलाई समेत लेखापरीक्षणमा समावेश गरिएको छ । संस्थाले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपुर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मुल्यांकन पनि लेखापरीक्षणमा समावेश गरिएको छ । लेखापरीक्षण प्रतिवेदनले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**(४) उपरोक्त आधारमा लेखापरीक्षण गरी निम्न अनुसारको प्रतिवेदन पेश गर्दछौं ।**

(क) लेखापरीक्षण सम्पन्न गर्न हामीले आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरू उपलब्ध भएका छन् ।

(ख) यस प्रतिवेदनमा वित्तीय स्थितीको विवरण,आय विवरण,नगद प्रवाह विवरण तथा सोसंग सम्बन्धित अनुसूचीहरु सहकारी ऐन नियमले तोकेको ढाँचामा प्रस्तुत गरिएका छन र संस्थाले राखेको हिसाब किताबसंग दुरुस्त रहेका छन ।

(ग) संस्थाले आफ्नो हिसाब किताब प्रचलित कानून र प्रचलन अनुसार ठीक संग राखेको छ ।

(घ) हामीले प्राप्त गरेको सूचना एवम् हामीलाई दिइएको स्पष्टीकरण तथा संस्थाको हिसाब किताबको परीक्षणबाट संस्थाको संचालक समिति सदस्य वा कर्मचारीले कानूनी व्यवस्था विपरीत काम गरेको वा संस्थालाई हानी नोक्सानी गरेको वा हिनामिना गरेको जानकारीमा आएन ।

(ङ.) संस्थाको कारोबार सन्तोषजनक रूपमा संचालन भएको र संस्थाको अख्तियारी भित्र रहेको पायौं ।

(५) सहकारी संस्था तथा संघहरूको लेखापरीक्षण गर्न नेपाल चार्टर्ड एकाउन्टेन्स संस्थाले २०६७ वैशाखमा जारी गरेको निर्देशिका बमोजिम खुलासा गर्नु पर्ने आवश्यक विषयहरु र सहकारी विभागबाट जारी गरिएको मापदण्ड २०६८ समेतलाई मध्य नजर राखी तयार गरिएको यसै प्रतिवेदनको अभिन्न अंगको रुपमा रहेको संलग्न अनुसूचीमा उल्लेखित बुँदाहरुले पार्ने असरहरु बाहेक हामीले पाए सम्मको सूचना,दिईएको स्पष्टीकरण र संलग्न लेखा नीति तथा टिप्पणीहरुलाई साथै अध्ययन गर्दा हाम्रो रायमा

(क) वितीय स्थितीको विवरण ले संस्थाको २०७७ आषाढ मसान्तको वितीय स्थिती

(ख) आय विवरणले सो मितिमा समाप्त भएको आर्थिक संचालन नतिजा, र

(ग) नगद प्रवाह विवरणले उक्त मितिमा समाप्त अवधिको नगद प्रवाहको उचित तथा यथार्थ स्थितिको चित्रण गर्दछ ।

स्थान : काठमाडौं
मिति :२०७७।०७।२१

लेखापरीक्षक
( सुनिल आचार्य )
एस. आचार्य एण्ड कम्पनी

# प्रतिवेदनको बुँदा नम्बर ५ संग सम्बन्धित अनुसूची

**सहकारी ऐन,नियम,मापदण्ड संस्थाको विनियम र विभागीय परिपत्रहरु समेतको आधारमा हाम्रो रायहरु निम्नानुसार बुदागत रुपमा उल्लेख गरिएका छन् ।**

(१) संस्थाको वितीय कारोवारको लेखा PEARLS (Protection, Effective Financial Structures, Assets Quality, Rates Of Return and Cost, Liquidity and Sign of Growth) को अनुगमन विधि पूर्णरुपले अवलम्वन गर्नुपर्ने देखिन्छ ।

(२) लेखापरीक्षण अवधिमा संस्थामा कायम ७ जना संचालकहरु र ३ जना लेखा समितिका सदस्यहरु समेत गरी जम्मा १० जना सदस्यहरु मध्ये ६ जानाबाट संस्थाको ऋण उपभोग भएको देखिन्छ ।

(३) संस्थाले सेफ,काउण्टर,मार्गस्थ नगद तथा अन्य कुनै पनि चल तथा अचल सम्पतिको लागि बिमा गरेको नदेखिएकोले यथाशीघ्र सम्पूर्ण चल तथा अचल सम्पतिको बिमा गर्नु पर्ने देखिन्छ ।

(४) संस्थाले २०७७ आषाढ मसान्तमा असुल उपर हुन बाँकी ऋणहरुलाई सहकारी मापदण्ड अनुसार वर्गीकरण गरी सोको लागि सोही मापदण्डले तोकेबमोजिम १,३५ र १०० प्रतिशतले ऋण नोक्सानी व्यवस्था गरिएको छ ।

(५) संस्थाका संचालक समिति र लेखा समितिका कम्तीमा ५० प्रतिशत पदाधिकारीहरुलाई, संस्था व्यवस्थापन,सहकारी लेखापालन र लेखापरीक्षण सम्बन्धी तालिम दिई, आन्तरिक नियन्त्रण पद्वति (Internal Control System) लाई अझ प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

(६) कर्जा व्यवस्थापन शुल्क (सेवा ) बापत संस्थाले ऋणी सदस्यहरुसंग अधिकतम १ प्रतिशतसम्म लिने गरेको देखिन्छ ।

(७) ब्याज आम्दानीको लेखांकन विगतका बर्षहरु झैं यस बर्ष पनि नगद प्राप्तिको आधार (Cash Basis) मा आम्दानी बाँधिएको छ ।

(८) २०७७ आषाढ मसान्तमा जम्मा असूल उपर हुन बाकी ऋण मध्ये, खराब र शंकास्पद कर्जा रु. ४८,२५,५६२।३४ भएको र सो मितिमा संस्थामा कायम भएको कुल पूँजीकोष रु.१,८५,४८,९००।०० को दस प्रतिशत ले हुने रु. १८,५४,८९०।०० भन्दा बढी रहेको पाईयो ।

(९) मिति २०७४।०६।०१ देखि लागु भएको नयाँ सहकारी ऐन २०७४ को दफा ६३ मा विभिन्न विवरण उपलब्ध गराउनु पर्ने प्रावधान भएको ले सोको अबलम्वन हुनु पर्ने देखिन्छ ।

१०) २०७७ आषाढ मसान्तमा १४.७० प्रतिशत तरलता रहेको देखिन्छ ।

(११) संस्थाले बिभिन्न कर्जामा सरदर १६ प्रतिशत ब्याज लिने र बिभिन्न बचतमा सरदर ११ प्रतिशत ब्याज दिने गरेको छ । ब्याज दरमा अन्तर (spread rate) ५ प्रतिशत रहेको छ ।

(१२) हाल संस्थाले एक बर्षसम्मको मात्र निक्षेप स्वीकार गरेको देखिन्छ ।

(१३) सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ र नियमावली २०६६ मा भएको व्यवस्थाहरु पलना हुन बाँकी देखिएकोले सो को यथाशीघ्र पालना गर्नुपर्ने देखिन्छ ।

(१४) सहकारी ऐन अनुसार कुल शेयर पुंजीको १५ गुणा सम्म मात्र निक्षेप संकलन गर्न पाउनेमा २ गुणा भन्दा बढी मात्र संकलन भएको पाईयो ।

(१५) सहकारी विभागबाट जारी भएको मापदण्डमा उल्लेख भएका बुँदाहरु परिपूर्ति गर्नको लागि आवश्यक अभिलेखहरु राख्नुका साथै अन्य व्यवस्था समेत मिलाउनु पर्ने देखिन्छ ।

(१६) शेयर सदस्य बनाउँदा कार्यक्षेत्र बाहिरको नागरिकता भएका सदस्य (अस्थायी बसोबास गर्ने ) को हकमा कार्यक्षेत्र भित्र बसोबास गरिरहेको प्रमाणित हुने कागजातहरु नभएकाले सो सम्बन्धी यकिन गर्न नसकिएको ।

(१६) वर्षान्तमा शेयर सदस्य संख्यामा पुरुष संख्या २६१ र महिला संख्या ८५ जम्मा संख्या ३४६ रहेको छ ।

(१७) संस्थाले लगानी गरेको कर्जाहरु मध्ये १५ थान पुरानो कर्जाहरु असुल उपर गर्न तर्फ विशेष कार्य योजना तयार गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

(१८) संस्थाले Lakshya Banking software मा लेखा अभिलेख राख्ने गरेको, दैनिक रुपमा Data Backup लिई, मासिकरुपमा प्रिन्ट गरी प्रमाणित गरी राख्नुपर्ने देखिन्छ ।

(१९) गठित लेखा र ऋण समितिले आन्तरिक नियन्त्रण प्रणालीमा बढी प्रभावकारिता ल्याउनु पर्ने देखिन्छ ।

# माउण्ट मिसन बचत तथा ऋण सहकारी संस्था लि.

पुतलीसडक, काठमाडौं

## वित्तीय स्थितीको विवरण

२०७३ आषाढ ३१ गतेको

| विवरण | अनुसूची | यसवर्षको | गतवर्षको |
|---|---|---|---|
| **पुँजी तथा दायित्व** | | | |
| शेयर पूँजी | | १८,५४८,१००.०० | १७,११६,५००.०० |
| जगेडा कोष | | १,०५८,९५०.३७ | १,०२८,७०५.३२ |
| अन्य कोष | | २,७४६,६८४.३९ | २,३०४,४१०.२४ |
| निक्षेप बचत हिसाब | ४ | ३०,४३८,१०१.३५ | ३२,६५४,७११.७८ |
| ब्याज मुल्तवी हिसाब | | २,४८४,६३१.३५ | - |
| अन्य दायित्व (कारबाह कर्जा) | | २,५००,०००.०० | - |
| अन्य चालु दायित्व | ५ | ६६,८१०.१० | ६१,७०१.०३ |
| आयकर दायित्व | ६ | - | - |
| **जम्मा** | | ५८,८४४,८७८.७६ | ५३,९६४,०११.३७ |
| **सम्पत्ति तथा जायजेथा** | | | |
| नगद मौज्दात | ८ | २,३४५,२८९.१३ | २,५०१,२६५.४३ |
| बैंक मौज्दात | ८ | २,५१७,११०.६३ | ५,९२९,७२४.८६ |
| लगानी (शेयर) | ९ | ११२,४००.०० | ६६,०००.०० |
| सदस्यहरूसँग बाँकी ऋण | १० | ५३,७५७,९७६.२८ | ४५,१८०,९७२.५५ |
| अग्रिम आयकर | ६ | १३,४५५.४७ | १६१,२६३.७५ |
| प्लान्ट,मेशिनरी तथा ईक्वुपमेण्ट | १ | १८,६२०.३५ | १२९,८७२.७८ |
| | | - | - |
| **जम्मा** | | ५८,८४४,८७८.७६ | ५३,९६४,०११.३७ |

अनुसूचीहरु १ ६ ४ देखी १० अभिन्न अंगहरु हुन ।
लेखासंग सम्बद्ध नीति तथा टिप्पणीहरु अनुसुची १२

हाम्रो आजकै मितिको संलग्न प्रतिवेदनको आधारमा

कपिलबाबु पन्त
कोषाध्यक्ष

हरि प्रसाद पौडेल
अध्यक्ष

सुनिल आचार्य
लेखापरीक्षक
एस.आचार्य एण्ड कम्पनी

गोपिकलाल श्रेष्ठ
लेखासमिति संयोजक

योगेन्द्र अधिकारी
प्रमुख निर्देशक

# माउण्ट मिसन बचत तथा ऋण सहकारी संस्था लि.

पुतलीसडक, काठमाडौं

## आय विवरण

२०७६ श्रावण १ गते देखि २०७७ आषाढ ३१ गते सम्मको

| विवरण | अनुसूची | यसवर्षको | गतवर्षको |
|---|---|---|---|
| **आम्दानी** | | | |
| | | | |
| ऋणबाट ब्याज आय | २ | ५,८९४,७५४.९२ | ६,०८५,५६१.८९ |
| न्यून निक्षेपमा ब्याज खर्च | १२ | ३,२६६,७५५.२७ | ३,६०९,८२०.०५ |
| कुल ब्याज बचत / (नोक्सान) | | २,६२७,९९९.६५ | २,४७५,७४१.८४ |
| विविध आम्दानी | ३ | ३८१,८२८.२३ | २५४,४३५.७४ |
| बैंक निक्षेपमा ब्याज | २ | ११४,६४४.९२ | १४३,६९४.२९ |
| | | - | - |
| कुल संचालन बचत / (नोक्सान) | | ३,१२४,४७२.८० | २,८७३,८७१.८७ |
| **खर्च** | | | |
| कर्मचारी तलब भत्ता | ११ | ८५९,८४८.९७ | ८८६,०२०.६४ |
| प्रशासनिक खर्च | ११ | ७३०,८४३.४४ | ७३६,१६६.५२ |
| संभावित कर्जा नोक्सानी व्यवस्था | ७ | ७,६२८.६५ | ३५४,८२४.६२ |
| कर्जासापटीमा ब्याज खर्च | | २,४६६.०० | ८२,५५७.०० |
| लेखापरीक्षण शुल्क | | २५,०००.०० | २५,०००.०० |
| ह्रास कट्टी | १ | ३१,२४५.५३ | ४१,५७३.०२ |
| कुल खर्च | | १,६५७,०३२.५९ | २,१२५,१४१.८० |
| कर अघिको बचत / (नोक्सान) | | १,४६७,४४०.२१ | ७४८,७३०.०७ |
| आयकर खर्च व्यवस्था | | १४६,७४४.०२ | ७४,७९३.०० |
| खुद बचत / (नोक्सान) | | १,३२०,६९६.१९ | ६७३,९३७.०७ |

अनुसूचीहरु १ देखि ३ र ७ ,११ , १२ सम्म अभिन्न अंग हुन् ।

हाम्रो आजकै मितिको संलग्न प्रतिवेदनको आधारमा

कपिलेश्वर पन्त
कोषाध्यक्ष

हरी प्रसाद पौडेल
अध्यक्ष

सुनिल आचार्य
लेखापरीक्षक
एस.आचार्य एण्ड कम्पनी

पोषकलाल श्रेष्ठ
लेखासमिति संयोजक

योगेन्द्र अधिकारी
प्रबन्ध निर्देशक

# माउण्ट मिसन बचत तथा ऋण सहकारी संस्था लि.

## पुतलीसडक, काठमाडौं

### नगद प्रवाह विवरण

२०७६ श्रावण १ गते देखि २०७७ आषाढ ३१ गते सम्मको

| विवरण | यसवर्षको | गतवर्षको |
|---|---|---|
| (क) कारोबार संचालनबाट नगद प्रवाह | | |
| (१) नगद प्राप्ति | ६,३९१,२२८.०७ | ६,४८३,६९१.९२ |
| १.१ ब्याज आम्दानी | ५,८९४,७५४.९२ | ६,०८५,५६१.८९ |
| १.२ विविध आम्दानी | ३८१,८२८.२३ | २५४,४३१.७४ |
| १.३ सदस्यता शुल्क कोष | - | - |
| १.४ पूजीगत लाभ | - | - |
| १.५ बैंक निक्षेपमा ब्याज आम्दानी | ११४,६४४.९२ | १४३,६९४.२९ |
| (२) नगद भुक्तानी | ५,०३९,२८६.३५ | ५,७५९,१८१.८३ |
| २.१ ब्याज खर्च | ३,२६६,७५५.२७ | ३,६०९,८२०.०५ |
| २.२ प्रशासनिक खर्च र कर्मचारी खर्च | १,६१५,६९२.४१ | १,६४०,१८७.१६ |
| २.३ अन्य खर्च | १०,०९४.६५ | ४३७,३८१.६२ |
| २.४ आयकर खर्च, व्यवस्था | १४६,७४४.०२ | ७४,७९३.०० |
| कार्यगत पूँजी(Working Capital) गतिविधि अघिको नगद प्रवाह | १,३५१,९४१.७२ | ७१४,५१०.०९ |
| संचालन सम्बन्धी चालु सम्पत्तिमा कमी/ (वृद्धि) | (८,४३९,११५.४५) | २,८४४,५११.५२ |
| १.कर्जा तथा बिल्स खरिदमा कमी/ (वृद्धि) | (८,५७७,००३.७३) | २,८४४,५११.५२ |
| २.अन्य सम्पत्ति कमी/(वृद्धि) | १३७,८०८.२८ | - |
| संचालन सम्बन्धी चालु दायित्वमा(कमी) /वृद्धि | २,७६५,९३०.९९ | ३,५१०,७२१.७५ |
| १.निक्षेप दायित्वमा (कमी)/ वृद्धि | (२,२१५,८१०.४३) | ५,३००,९१३.६५ |
| २.अन्य दायित्व (कमी)/ वृद्धि | २,४८१,७४१.४२ | (१,७९०,१९१.९०) |
| ३.अन्य दायित्व बैंक लोन (कमी)/ वृद्धि | २,५००,०००.०० | - |
| (ख) लगानी कारोबारमा नगद प्रवाह | (५१,४००.००) | (२८,९००.००) |
| १. स्थिरसम्पत्तिमा कमी/ (वृद्धि) | - | (२८,९००.००) |
| १.२ लगानी कमी/ (वृद्धि) | (५१,४००.००) | - |
| १.३ गैह्र सहकारी सम्पत्ति कमी/ (वृद्धि) | - | - |
| (ग) वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह | ८०४,१५२.२१ | (२,१२१,४९९.८९) |
| १. शेयर पूजीमा (कमी)/ वृद्धि | १,३५२,४००.०० | (१,३९०,४००.००) |
| २. लाभांश बोनस अन्य वितरण (कमी)/ वृद्धि | (५४८,२४७.७९) | (७३१,०९९.८९) |
| (घ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह | (३,५६८,५७०.५३) | ४,९१९,३४३.४७ |
| (ङ) नगद तथा बैंकमा रहेको शुरु मौज्दात | ८,४३०,९९०.२९ | ३,५११,६४६.८२ |
| (च) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात | ४,८६२,४१९.७६ | ८,४३०,९९०.२९ |

कपिलबाबु पन्त
कोषाध्यक्ष

हरी प्रसाद पौडेल
अध्यक्ष

सुनिल आचार्य
लेखापरीक्षक
एस.आचार्य एण्ड कम्पनी

दीपकलाल श्रेष्ठ
लेखासमिति संयोजक

योगेन्द्र अधिकारी
प्रबन्ध निर्देशक

# माउण्ट मिसन बचत तथा ऋण सहकारी संस्था लि.

पुतलीसडक, काठमाडौं

## संञ्चितीमा भएको परिवर्तन सम्बन्धी विवरण

२०७७ आषाढ ३१ गतेको

| विवरण | शेयर पुँजी | संचित बचत (नोक्सान) | साधारण जगेडा कोष | विभिन्न कोष |
|---|---|---|---|---|
| शुरु मौज्दात २०७६ श्रावण १ गतेको | १७,१९६,५००.०० | - | १,७२८,७७६.३२ | २,३०४,४१०.२४ |
| अन्य समायोजनहरु | - | - | - | - |
| पुन: स्थापित मौज्दात | १७,१९६,५००.०० | - | १,७२८,७७६.३२ | २,३०४,४१०.२४ |
| नाफा बस तर्फमा थप/(फिर्ता) | १,३५२,४००.०० | १,३२०,६९६.१९ | - | - |
| विभिन्न कोषहरुमा बाँडफाड | - | १,३४०,१६३.८८ | ५९५,७५९.८१ | ७४४,४०४.०७ |
| न्युन बोनस भुक्तानी | - | - | - | ४४,५००.०० |
| न्युन लाभांश भुक्तानी | - | - | - | २४७,७०७.७९ |
| न्युन अन्य कोष | - | - | - | ३४६,०४०.०० |
| अन्तिम मौज्दात २०७७ आषाढ मसान्तको | १८,५४८,९००.०० | (१९,४६७.६९) | २,३२४,५३६.१३ | २,४१०,५६६.५२ |
| जम्मा | | | | २३,२६४,५३४.९६ |

कपिलवार्य पन्त
कोषाध्यक्ष

हरी प्रसाद पौडेल
अध्यक्ष

सुनिल आचार्य
लेखापरीक्षक
एस.आचार्य एण्ड कम्पनी

दीपकलाल श्रेष्ठ
लेखासमिति संयोजक

योगेन्द्र अधिकारी
प्रबन्ध निर्देशक

# माउण्ट मिसन बचत तथा ऋण सहकारी संस्था लि.

पुतलीसडक, काठमाडौं

## खुद बचत /(नोक्सानी ) बाँडफाँड हिसाब

२०७६ श्रावण १ गते देखि २०७७ आषाढ ३१ गते सम्मको

| विवरण | प्रतिशत | यसवर्षसम्मको | यसवर्षको थप / खर्च | गतवर्षसम्मको |
|---|---|---|---|---|
| **आय** | | | | |
| गतवर्ष सम्मको बचत / (नोक्सान ) | | ४,०३३,१८६.५६ | – | ४,०११,११९.३८ |
| यसवर्षको बचत / (नोक्सान ) | | १,३२०,६९६.११ | १,३२०,६९६.११ | ७०३,११७.०७ |
| न्यून थप / खर्च | | (५४८,२४७.७९) | (५४८,२४७.७९) | (७३१,०९९.८९) |
| **जम्मा** | | ४,८०५,६३४.९६ | ७७२,४४८.४० | ४,०३३,१८६.५६ |
| | | | | |
| **खर्च** | | | | |
| जगेडा कोष | २५ | २,०५८,९५०.३७ | ३३०,१७४.०५ | १,७२८,७७६.३२ |
| संरक्षित पुँजी फिर्ता कोष | २५ | १,२४२,५५०.५२ | २४७,६३०.५४ | ९९४,९१९.९८ |
| संस्था प्रवर्द्धन कोष | ०.५ | १४,९०६.५६ | ४,९५२.६१ | ९,९५३.९५ |
| | | | | |
| **अन्य कोष** | | | | |
| शेयर लाभांश कोष | ४५ | ४४२,२७७.७९ | १५८,१५८.६६ | २८४,११९.१३ |
| कर्मचारी बोनस कोष | १० | ४३०,४९३.४१ | २९,२९३.९० | ४०१,१९९.५१ |
| घाटापूर्ति कोष | ५ | ३३१,६९६.१५ | ३६,८९६.९५ | २९४,८००.०० |
| सहकारी शिक्षा, तालिम कोष | ५ | ३१,४२०.४१ | (१३४,१४३.०६) | १७३,५६३.४७ |
| सहकारी विकास कोष | ५ | ४१,३३३.८५ | (४८,१०३.०५) | ८९,४३६.९० |
| सामुदायिक विकास कोष | ५ | ५५,७०२.७२ | ३६,८९६.९५ | १८,८०५.७७ |
| स्थिरीकरण कोष | ५ | ३६,८९६.९५ | ३६,८९६.९५ | - |
| जोखीम व्यवस्थापन कोष | ५ | ५५,७०२.७२ | ३६,८९६.९५ | १८,८०५.७७ |
| सदस्यहित कोष | ५ | ५५,७०२.७१ | ३६,८९६.९५ | १८,८०५.७६ |
| **जम्मा** | १०० | १,४८९,२२७.५१ | १८९,६९१.२० | १,२९९,५३६.३१ |
| **कूल जम्मा** | | ४,८०५,६३४.९६ | ७७२,४४८.४० | ४,०३३,१८६.५६ |

ताथौ आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

कपिलबाबु पन्त
कोषाध्यक्ष

हरि प्रसाद पौडेल
अध्यक्ष

सनिल आचार्य
लेखापरीक्षक
एस.आचार्य एण्ड कम्पनी

पीपकलाल श्रेष्ठ
लेखासमिति संयोजक

योगेन्द्र अधिकारी
प्रबन्ध निर्देशक

# माउण्ट मिसन बचत तथा ऋण सहकारी संस्था लि.

पुतलीसडक, काठमाडौं

## प्लाण्ट,मेशिनरी,ईक्यूपमेण्ट तथा ह्रास कट्टी विवरण

२०७७ आषाढ ३१ गतेको

अनुसूची ५

| विवरण | खरिद मिति | परल मूल्य २०७६।०४।०१ | यस वर्षमा थप | जम्मा | ह्रास दर % | गत वर्षसम्म को ह्रास | यस वर्षको ह्रास | जम्मा ह्रास | २०७७।०३।३१ को बाकी मूल्य | २०७६।०३।३१ को बाकी मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| समूह ख | | | | | | | | | | |
| फर्निचर र फिक्चर्स | | ८२,९२७.५६ | - | ८२,९२७.५६ | २५ | ३६,२८०.८१ | ११,६६१.६९ | ४७,९४२.५० | ३४,९८५.०६ | ४६,६४६.७५ |
| कम्प्युटर | | ३३,४०५.०० | - | ३३,४०५.०० | २५ | १४,६१४.६९ | ४,६९७.५८ | १९,३१२.२७ | १४,०९२.७३ | १८,७९०.३१ |
| बिधुतिय उपकरण | | ८०,९६०.४८ | - | ८०,९६०.४८ | २५ | २८,७५१.४६ | १३,०५२.२६ | ४१,८०३.७२ | ३९,१५६.७६ | ५२,२०९.०२ |
| जम्मा | | १९७,२९३.०४ | - | १९७,२९३.०४ | | ७९,६४६.९६ | २९,४११.५३ | १०९,०५८.४९ | ८८,२३४.५५ | ११७,६४६.०८ |
| समूह घ | | | | | | | | | | |
| अन्य सामग्री | | ३,७९६.१८ | - | ३,७९६.१८ | १५ | १,०५३.४४ | ४११.४१ | १,४६४.८५ | २,३३१.३३ | २,७४२.७४ |
| हवीलर | | १३,१२६.५९ | - | १३,१२६.५९ | १५ | ३,६४२.६३ | १,४२२.५९ | ५,०६५.२२ | ८,०६१.३७ | ९,४८३.९६ |
| जम्मा | | १६,९२२.७७ | - | १६,९२२.७७ | | ४,६९६.०७ | १,८३४.०० | ६,५३०.०७ | १०,३९२.७० | १२,२२६.७० |
| जम्मा | | २१४,२१५.८१ | - | २१४,२१५.८१ | | ८४,३४३.०३ | ३१,२४५.५३ | ११५,५८८.५६ | ९८,६२७.२५ | १२९,८७२.७८ |

हाम्रो आजकै मितिको संलग्न प्रतिवेदनको आधारमा

कपिलनाथ पन्त
कोषाध्यक्ष

हरी प्रसाद पौडेल
अध्यक्ष

सुनिल आचार्य
लेखापरीक्षक
एस.आचार्य एण्ड कम्पनी

पोषकमणि श्रेष्ठ
लेखासमिति संयोजक

योगेन्द्र अधिकारी
प्रबन्ध निर्देशक

# माउण्ट मिसन बचत तथा ऋण सहकारी संस्था लि.

पुतलीसडक, काठमाडौं

वित्तीय विवरण

२०७६ श्रावण १ गते देखी २०७७ आषाढ ३१ गतेसम्मको

अनुसूची २

| विवरण | यसवर्षको | गतवर्षको |
|---|---|---|
| ऋणमा ब्याज आम्दानी | ५,८९४,७५४.९२ | ६,०८५,५६१.८९ |
| | - | - |
| जम्मा | ५,८९४,७५४.९२ | ६,०८५,५६१.८९ |
| बैंकब्याज आम्दानी | ११४,६४४.९२ | १४३,६९४.२९ |
| जम्मा | ११४,६४४.९२ | १४३,६९४.२९ |
| कुल जम्मा | ६,००९,३९९.८४ | ६,२२९,२५६.१८ |

## विविध आम्दानी

अनुसूची ३

| विवरण | यसवर्षको | गतवर्षको |
|---|---|---|
| जरीवाना वापत | २४,७४३.०७ | २८,३०८.८५ |
| खाताबन्दी शुल्क | ०.०१ | - |
| सदस्यता शुल्क | १,८००.०० | २,१००.०० |
| विविध आय | १२,०९३.१५ | - |
| फारम र अन्य बिक्री | ४,७००.०० | ५,१००.०० |
| कर्जा व्यवस्थापन शुल्क | ३३०,९९२.०० | २१२,८९०.०० |
| लाभांश (कास्कुन) | ७,५००.०० | ६,०३६.८९ |
| जम्मा | ३८१,८२८.२३ | २५४,४३५.७४ |

## सदस्यहरूको निक्षेप हिसाब

अनुसूची ४

| विवरण | यसवर्षको | गतवर्षको |
|---|---|---|
| साधारण बचत हिसाब | ३,९८५,०२१.३५ | ३,५३३,७८१.४२ |
| क्रमिक बचत ३ महिने | १४,८८३.६९ | ४९,०२६.७६ |
| क्रमिक बचत ६ महिने | ३,०२५,९९६.४६ | २,६४९,०८३.९१ |
| क्रमिक बचत १ वर्ष | - | १,५१६.५५ |
| मुद्दती बचत ३ महिने | ५००,०००.०० | १,१२४,३५३.२५ |
| मुद्दती बचत ६ महिने | ३,०५१,४९६.६६ | ६३६,१७७.८६ |
| मुद्दती बचत १ महिने | २,४५७,७१७.२० | ३,६५०,०००.०० |
| शैक्षिक बचत | ७६०,२७०.९४ | ३६२,४९१.२८ |
| गृहलक्ष्मी बचत | ४३०,६३३.८३ | ४३९,१३४.३५ |
| छोटो अवधि बचत | ५१६,६०५.६२ | ८१२,९८६.०७ |
| मुद्दती जम्बो बचत | ३४८,२४३.२७ | ५७०,५९९.१८ |
| जम्बो बचत | ७,८२७,६४७.३२ | १०,९७५,५१९.७२ |
| दैनिक बचत | २,८०१,०३२.८२ | ३,२८९,८३३.७३ |
| मिसन बचत | ३,९४१,२९५.५८ | ३,७१९,०४७.४२ |
| बाल बचत | ४१६,९२७.६८ | ३१८,३७०.९० |

| | | |
|---|---|---|
| मुद्दती ब्याज बचत | १५४,६०५.३१ | १८५,०७५.६५ |
| शेयरधनी बचत | २०६,५२३.६२ | ३३७,७१३.७३ |
| जम्मा | ३०,४३८,९०१.३५ | ३२,६५४,७११.७८ |

अन्य दायित्व

अनुसूची ५

| विवरण | यसवर्षको | गतवर्षको |
|---|---|---|
| लेखापरीक्षण शुल्क | २४,६६८.०० | २४,६६८.०० |
| ले.प. शुल्कमा करकट्टी | ३३२.०० | ३३२.०० |
| सा.सु.कर तलब भत्तामा | १,४९६.१५ | ६४६.६५ |
| बैठक भत्तामा कर कट्टी | - | ९००.०० |
| बचत ब्याजमा कर कट्टी | ४०,३१४.७५ | ४३,१५४.३८ |
| | - | - |
| जम्मा | ६६,८१०.९० | ६९,७०१.०३ |

## आयकर अग्रीम र दायित्व

अनुसूची ६

| विवरण | यसवर्षको | गतवर्षको |
|---|---|---|
| यस वर्षको आयकर व्यवस्था | १४६,७४४.०२ | ७४,७९३.०० |
| न्युन गत वर्षको र अग्रीम कर जम्मा | १६०,१९९.४९ | २२६,०५६.७५ |
| जम्मा आयकर अग्रीम र (दायित्व) | १३,४५५.४७ | १५१,२६३.७५ |

## संभावित ऋण नोक्सानी व्यवस्था खर्च

अनुसूची ७

| विवरण | यसवर्षको | गतवर्षको |
|---|---|---|
| गतवर्षसम्मको नोक्सानी व्यवस्था | ४,२३७,५०१.३७ | ३,८८२,६७६.७५ |
| यसवर्षको नोक्सानी व्यवस्था | ४,२४५,१३०.०२ | ४,२३७,५०१.३७ |
| जम्मा | ७,६२८.६५ | ३५४,८२४.६२ |

## नगद तथा बैक मौज्दात

अनुसूची ८

| विवरण | यसवर्षको | गतवर्षको |
|---|---|---|
| नगद मौज्दात | २,३३७,७८९.१३ | २,४९३,७६५.४३ |
| सानो नगदी किताब | ७,५००.०० | ७,५००.०० |
| जम्मा | २,३४५,२८९.१३ | २,५०१,२६५.४३ |
| बैक मौज्दात : | | |
| महालक्ष्मी विकास बैक लि. | ६६७,५३७.७५ | १,१२०,१३६.७४ |
| कुमारी बैक लि. | १,०३०,६३०.५८ | २,४०३,४००.२८ |
| मन्जुश्री फाईनान्सियल ईन्सुच्युसन लि.१ | ६५७,५६०.३२ | २,०८६,२९३.६६ |
| मन्जुश्री फाईनान्सियल ईन्सुच्युसन लि.२ | १,४८३.३४ | - |
| काठमाण्डौ बचत तथा ऋण सहकारी संघ लि.लाभांश | १३,११०.९९ | - |
| काठमाण्डौ बचत तथा ऋण सहकारी संघ लि.मासिक | ३०,१६८.२६ | |
| काठमाण्डौ बचत तथा ऋण सहकारी संघ लि. दैनिक | १००,३६६.२४ | ३१४,३९४.१८ |

| | | |
|---|---|---|
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. शेयर लाभांश बचत हिसाब | ५,५०७.६४ | ५,५००.०० |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. चालु बचत हिसाब | १०,६८५.५१ | - |
| जम्मा | २,५१७,१३०.६३ | ५,९२९,७२४.८६ |

लगानी हिसाब : अनुसूची ९

| विवरण | यसवर्षको | गतवर्षको |
|---|---|---|
| शेयरमा लगानी : | | |
| नेफस्कुन शेयर | १२,४००.०० | ११,०००.०० |
| कास्कुन शेयर | १००,०००.०० | ५०,०००.०० |
| जम्मा | ११२,४००.०० | ६१,०००.०० |

सदस्यहरूसंग बाकी ऋण हिसाब अनुसूची १०

| विवरण | यसवर्षको | गतवर्षको |
|---|---|---|
| व्यक्तिगत कर्जा | ५१,३६९,८४५.९० | ४३,८५९,१२५.२३ |
| व्यवसायिक कर्जा | ५८६,५०६.८५ | १,४९७,२२४.६९ |
| छोटो अवधि कर्जा | ३,५६२,१२४.०० | ४,०६२,१२४.०० |
| जम्मा ऋण | ५५,५१८,४७६.७५ | ४९,४१८,४७३.९२ |
| न्युन संभावित ऋण नोक्सानी व्यवस्था | ४,२४५,१३०.०२ | ४,२३७,५०१.३७ |
| असुलउपर हुनुपर्ने ब्याज | २,४८४,६२९.५५ | - |
| कुल ऋण | ५३,७५७,९७६.२८ | ४५,१८०,९७२.५५ |

| विवरण | यसवर्षको | गतवर्षको |
|---|---|---|
| असल कर्जा | ५०,६९२,९१४.४१ | ४५,०९६,३३७.९२ |
| शंकास्पद कर्जा | १,६७२,८६३.७९ | ८२३,९९६.९३ |
| खराब कर्जा | ३,१५२,६९८.५५ | ३,४९८,१३९.०७ |
| जम्मा ऋण | ५५,५१८,४७६.७५ | ४९,४१८,४७३.९२ |
| न्युन संभावित ऋण नोक्सानी व्यवस्था | ४,२४५,१३०.०२ | ४,२३७,५०१.३७ |
| असुलउपर हुनुपर्ने ब्याज | २,४८४,६२९.५५ | - |
| कुल ऋण | ५३,७५७,९७६.२८ | ४५,१८०,९७२.५५ |

अनुसूची ११

| विवरण | यसवर्षको | गतवर्षको |
|---|---|---|
| कर्मचारी तलब भत्ता | | |
| कर्मचारी तलब भत्ता | ८११,८९६.४५ | ८५४,१७९.५४ |
| प्रोत्साहन भत्ता | १४,३५२.५२ | - |
| दशै खर्च | ३३,६००.०० | ३१,८४१.१० |
| जम्मा | ८५९,८४८.९७ | ८८६,०२०.६४ |

## प्रशासनिक खर्च

| | | |
|---|---|---|
| चिया चमेना खर्च | ३२,४०५.०० | ४९,१०५.०० |
| भैपरी आउने खर्च | ८,२९५.०० | १४,१८१.०० |
| विद्युत महसूल | १८,२९०.०० | २७,६२५.०० |
| टेलिफोन तथा संचार खर्च | ५०,०१०.०० | ३८,०९६.०० |
| घरबहाल खर्च | ३८६,६६४.०० | ३८६,६६४.०० |
| छपाइ तथा मसलन्द खर्च | ४७,७१५.०० | १४,८७०.०० |
| स्थानीय सवारी,यातायात खर्च | १९,६४०.०० | १५,४२०.०० |
| साधारण सभा खर्च | ३९,८५५.०० | ४०,५४५.०० |
| महानगरपालिका कर,शुल्क | ५,७५०.०० | ५,०००.०० |
| ऋण स्वीकृति खर्च | ३०,०००.०० | - |
| पत्रपत्रिका खर्च | - | ३,४००.०० |
| नवीकरण शुल्क | १९,२००.०० | ६,५००.०० |
| सरसफाइ खर्च | १,०७५.०० | २,३५५.०० |
| मर्मत संम्भार खर्च | १९,६४०.०० | २५,९४०.०० |
| बैठक भत्ता | ४५,०००.०० | ६९,०००.०० |
| विगत बर्षको कर र शुल्क | ७,३०४.४४ | ३७,४६५.५२ |
| जम्मा | ७३०,८४३.४४ | ७३६,१६६.५२ |
| कुल | १,५९०,६९२.४१ | १,६२२,१८७.१६ |

## निक्षेपमा व्याज खर्च

अनुसूची १२

| विवरण | यसवर्षको | गतवर्षको |
|---|---|---|
| छोटो अवधिको वचत | ४३,२७९.९१ | ४२,०८५.६० |
| शेयरधनी वचत | २७,०७६.७६ | ३७,०१९.४६ |
| साधारण वचत | २९९,०८२.२० | २३२,४४२.६० |
| कर्मिक वचत | १७१,८२७.४० | १४९,९६४.७८ |
| मुद्दती वचत | ८३३,५९९.९० | ६१७,२५३.८८ |
| शैक्षिक वचत | ७८,२८८.१२ | २१,०९९.२६ |
| गृहलक्ष्मी वचत | २९,०२३.६१ | ३४,३११.६६ |
| जम्बो वचत | ९१७,६४२.९४ | १,७१६,७९४.४८ |
| दैनिक वचत | ३९८,३४४.१६ | २८८,४१९.१४ |
| बाल वचत | ३१,९८७.६५ | ४८,२३४.६३ |
| मिसन वचत | ४३६,६०२.६२ | ४२२,११४.५६ |
| जम्मा | ३,२६६,७५५.२७ | ३,६०९,८२०.०५ |

अनूसुची १३

**लेखासंग सम्बधित नीति तथा टिप्पणीहरू :**

२०७७ आषाढ ३१ गते

### (क) प्रमुख लेखा नीतिहरू :

सामान्य परिचय :

आफ्ना सदस्यहरूलाई सहकारीको सिद्धान्त अनुसार सदस्यहरू बीच आपसी हित तथा आर्थिक स्तर वृद्धि गरी लाभान्वित गर्ने लक्ष्य लिई, बचत तथा ऋण लगायत, सहकारीका सदस्यबीच आर्थिक एवम् सामाजिक विकासका लागि कृषि,उद्योग,व्यापारिक क्षेत्रमा सहयोग पुऱ्याउने र साथै कार्य क्षेत्रभित्र सामाजिक कार्य गर्ने उद्देश्य लिई मिती २०६७।०३।१३ गते सहकारी ऐन २०४८ बमोजिम डिभिजन सहकारी कार्यालय काठमाडौंमा दर्ता भै कार्य गर्दै आएको संस्था हो र साथै आन्तरिक राजश्व कार्यालय पुतलीसडकमा दर्ता भै स्थायी लेखा नम्बर ३०३०१४२७१ लिई रजिष्टर्ड कार्यालय पुतलीसडकमा संचालनमा रहेको छ ।

१. आधारभूत लेखा नीतिहरू

संस्थाको प्रस्तुत कारोवारहरू लेखाको सर्वमान्य सिद्धान्त तथा विद्मान सहकारी ऐन २०७४, नीति निर्देशन,नियमावली,संस्थाको लेखा नीति एवम् नेपाल लेखामान अनुसार, दोहोरो लेखा प्रणाली अनुसार तयार पारिएको छ ।

२. व्याज गणना

२.१ निक्षेपमा दिइने व्याज र कर्जामा लिईने व्याजमा ३६५ दिनलाई १ वर्षको आधार मानी व्याज गणना गरिएको छ ।

२.२ निक्षेपमा घटदो मौज्दातमा र कर्जामा सावां मौज्दातमा व्याज गणना गरिएको छ ।

२.३ संस्थाले विभिन्न निक्षेपहरूमा दिनुपर्ने व्याजको खर्च प्रोद्भावी आधार (Accrual Basis) मा लेखांकन गरिएको छ ।

२.४ संस्थाले विभिन्न बैंक तथा वितीय संस्थामा लगानी गरेको निक्षेप र शेयर रकममा लिनुपर्ने व्याज र लाभांश नगद आधार (Cash Basis) मा लेखांकन गरिएको छ ।

३ स्थिर सम्पति र ह्रास कट्टी :

आयकर ऐन २०५८ ले निर्दिष्ट गरे अनुसार घटदो मूल्यमा ह्रास कटटी गरिएको छ । अनूसुची १ अनुसार ह्रास कटटी दर गरिएको छ ।

४. शेयर लगानी रकमलाई परल मूल्यमा लेखांकन गरिएको छ ।

५. वितीय विवरण, आय विवरण र सो सम्बन्धी अनुसूचीहरू तयार गर्दा संस्थाले सहकारी ऐन नियमले तोकेको ढांचामा तयार पारिएको छ ।

६ नाफा बांडफांड :

आयकर ऐन २०५८ (संसोधित) अनुसार १० प्रतिशतले करको व्यवस्था गरी, बांकी रकमलाई सहकारी ऐन २०४८ अनुसार विभिन्न शीर्षकमा विभिन्न कोषमा बांडफांड गरिएको छ ।

७. आयकर

आयकर व्यवस्था गर्दा आय व्यय हिसाबमा देखिएको खुद्द बचत अनुसारको रकममा मात्र व्यवस्था गरिएकोले पछि स्वयम् कर निर्धारण गर्दा घटबढ हुन सक्ने छ ।

**(ख) लेखा सम्बन्धी टिप्पणीहरू :**

१. संस्थाको यस आर्थिक वर्षको मसान्तमा अम्मा असुल उपर हुन बाँकी व्याजको लेखांकन छुट्टै नराखिएको ले व्याज मुलतबी (intersest suspenses) हिसाबमा समानता भए नभए बारेमा यकिन हुन सकेन, सो को कारण पत्ता लगाई हिसाब दुरुस्त राख्नु पर्ने देखिन्छ ।

२. लेखा विवरणहरु सहकारी ऐनले तोकेको विवरणहरु खुल्ने गरी पेश गरिएका छन् । सो को निमित्त गत वर्ष सम्मका रकमहरु आवश्यकता अनुसार पुनवर्गीकरण तथा पुनसमूहीकरण गरिएको छ ।

३. कर्जा नोक्सानी व्यवस्था गर्दा, संस्थाले नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभागको मिति २०६८।०५।०१ मा जारी मापदण्डमा उल्लेखित मापदण्ड अनुसार यस आ.व. को मसान्तमा अम्मा असूल हुन बाँकी कर्जालाई भाखा नाघेको आधारमा असल,शंकास्पद तथा खराब तीन वर्गमा विभाजन गरी र उक्त वर्गीकरणको आधारमा क्रमशः १,२५ र १०० प्रतिशतका दरले कर्जा नोक्सानी व्यवस्था कायम गरिएको छ ।

४. संस्थाले स्थगन कर (Deferred Tax) को लेखांकन गरिएको छैन ।

५. श्रम ऐन २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ लागू भैसकेको स्थितिमा, सो संग सम्बन्धित अन्य व्यवस्था समेत कार्यान्वन हुनु पर्ने देखिन्छ ।

६. संचालक समितीको निर्णय र साधारण सभाबाट अनुमोदन गर्ने गरी यसबर्षमा कोषहरूमा कट्टी गर्ने प्रतिशतमा केही हेरफेर गरीएको छ ।